# माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह (एम.एड.)
दोस्रो वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत कोर्ष
नं. ५९८ को आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

**शोधपत्र**


**शोधकर्ता**

राजदेव यादव

क्याम्पस क्रमाङ्क नं. :  .......

परीक्षा क्रमाङ्क नं. : १३००४४/०६९

त्रि.वि. दर्ता नं. :९-२-२२९-१०९-२०००

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

**श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्माम्पस, सिरहा**


**२०७४**

त्रिभुवन विश्वविद्यालय
☎ ०३३-५२०३७८
०३३-५२००८२
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
मिति
पत्र संख्या :-
चलानी नं. :-

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम. एड.) दोस्रो वर्षका छात्र राजदेव यादवले **माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन** विषयको शोधपत्र मेरो प्रत्यक्ष निर्देशनमा तयार गर्नु भएको हो । नीजले तयार पारेको शोधपत्र प्रति म सन्तुष्ट छु । यो शोधपत्रलाई अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समितिमा सिफारिश गर्दछु ।

..........................................

मिति

धर्मराज सिंह

शोध निर्देशक

त्रिभुवन विश्वविद्यालय
☎ ०३३-५२०३७८, ०३३-५२००८२
श्री सूर्यनारायण सत्यनारायण मोरवैता यादव
बहुमुखी क्याम्पस, सिरहा
पत्र संख्या :-
चलानी नं. :-
मिति

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षा शास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षका छात्र राजदेव यादवले **माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन** शीर्षकमा तयार पारेको शोधपत्र मूल्याङ्कन समितिमा स्वीकृति गरिएको छ ।

### शोध मूल्यांकन समिति

| | | |
|---|---|---|
| कृष्ण कुमार यादव | विभागीय प्रमुख | ............................. |
| धर्मराज सिंह | शोधनिर्देशक | ............................. |
| ............................. | बाह्य परीक्षक | ............................. |

Date: ---/-------/--------

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयको स्नातकोत्तर तह दोश्रो वर्षको कोर्ष नं. ५९८ को आवश्यकता परिपूर्तिका लागि तयार पारिएको शोधपत्र शीर्षक "माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन" रहेको छ। शोध प्रस्तावलाई स्वीकृत गरी प्रस्तुत शोध लेखनको अवसर प्रदान गर्नु भएकोमा श्री सूर्य नारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहा सङ्कायप्रति विशेष आभारी छु।

शोधकार्यको शुरुवातदेखि शोध प्रतिवेदनको अन्तिम लेखनसम्म आवश्यक सल्लाह, सुझाव र मार्ग निर्देशन दिई सहयोग पुऱ्याउनु हुने श्रद्धेय गुरु विभागीय प्रमुख तथा शोध निर्देशक श्री धर्मराज सिंहज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यस्तै गरी सल्लाह, सुझाव, प्रोत्साहन एवम् मार्ग निर्देशन उपलब्ध गराई अध्ययन कार्यका लागि सहयोग पुऱ्याउनु हुने श्रद्धेय गुरु एवम् कार्यक्रम संयोजक श्री कृष्ण कुमार यादव तथा शिक्षाशास्त्र सङ्कायका सम्पूर्ण गुरुहरु लगायत शैक्षिक तालिम केन्द्र, च.मा.वि सिरहा प्रमुख ज्यू, जि.शि.का. सिरहा विद्यालयका शिक्षक ज्यू प्रति विशेष आभार व्यक्त गर्दछु।

शोध कार्यका लागि आवश्यक सूचना सङ्कलनका क्रममा अमूल्य सुझाव सहित तथ्याङ्क, सूचना, सहयोगी सामग्रीहरु आदि उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्र अन्तर्गतका विद्यालयका स्रोतव्यक्तिहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्रधानाध्यापकहरु र शिक्षकहरु प्रति समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु। भाषा शुद्धीकरणमा सहयोग पुऱ्याउनु हुने अजय यादवज्यू तथा कम्प्यूटर प्रिन्टमा सघाउने छापाखाना, सिरहाप्रति आभारी छु।

अन्त्यमा यस अध्ययनलाई पूरा गर्ने क्रममा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण आफन्तजनहरु, मित्रजनहरु, सहपाठी साथीहरु र शुभचिन्तक महानुभावहरुलाई हार्दिक धन्यवाद दिंदै आफ्नो अटुट परिश्रमबाट तयार भएको यो शोधपत्र उपयोगी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछु।

राजदेव यादव

२०७४

# शोधसार

*प्रस्तुत शोधपत्र "माध्यमिक तहमा गुणस्तरीय शिक्षाको लागी शिक्षक व्यवस्थापन" भन्ने शीर्षकमा तयार पारिएको छ । यस अनुसन्धानको प्रमुख उद्देश्य शिक्षकले तालिममा सिकेका ज्ञान र सीपहरुको कक्षाकोठाको व्यवस्थापनमा प्रयोगको वर्तमान अवस्था पहिचान गर्नु रहेको छ । यस अध्ययनको उद्देश्य प्राप्तिका लागि गुणात्मक र परिमाणात्मक ढाँचामा आधारित रही उद्देश्यमूलक र संभावनायुक्त नमुना छनोट विधिबाट सप्तरी जिल्लाको ११ वटा स्रोतकेन्द्रहरु मध्ये शहरी भेगमा पर्ने सिरहा स्रोतकेन्द्र अन्तर्गतका ३ वटा विद्यालयहरु र ग्रामीण भेगमा पर्ने सन्हैठा स्रोतकेन्द्र अन्तर्गतका ३ वटा विद्यालयहरु गरी जम्मा ६ वटा विद्यालयहरु, ती विद्यालयका ६ जना प्र.अ.हरु, ६ जना वि.व्य.स. अध्यक्षहरु, १२ जना शिक्षकहरु र २४ जना विद्यार्थीहरुलाई नमुनाका रुपमा लिइएको छ । अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राथमिक र द्वितीय स्रोतहरुबाट संकलन गरिएको छ*

*। जुन तथ्याङ्कहरु अन्तर्वार्ता, अवलोकन, प्रश्नावलीद्वारा प्रत्यक्ष भेटघाट र स्थलगत सर्वेक्षणद्वारा संकलन गरिएको छ । संकलित तथ्याङ्कहरु वर्णात्मक तथा विश्लेषणात्मक तरीकाबाट विश्लेषण गरिएका छन् ।*

*यस अध्ययनबाट तालिम प्राप्त शिक्षकको कक्षाकोठा व्यवस्थापन प्रभावकारी नभएको पाइयो । शहरी क्षेत्रभन्दा ग्रामीण क्षेत्रमा विद्यार्थीहरुको बढी चाप रहे पनि गाउँमा भन्दा शहरी क्षेत्रका विद्यालयमा छात्रा सहभागिता बढी रहेको देखिन्छ । कक्षाकोठा व्यवस्थापनबाट विद्यार्थीहरु संतुष्ट नरहेको देखिन्छ । शिक्षकले आर्थिक अभावको कारण केही मात्रामा तालिममा सिकेका सीपहरु कक्षाकोठामा प्रयोग गरेको देखिन्छ ।*

*कक्षाकोठाको व्यवस्थापनका क्रममा शिक्षकले भोगेका विभिन्न समस्याहरुमा विद्यालयको स्रोतको उचित प्रयोग नहुनु, विद्यालय विद्यालय बीच समन्वय र संचारको कमी हुनु, प्र.अ. र प्र.अ. बीच सुझाव र सल्लाहको कमी, आर्थिक समस्या, शैक्षिक तथा प्रशासनिक समस्या, राजनीतिक अस्थिरता, स्थानीय सरोकारवालाहरुको सहभागितामा कमी, कक्षामा विद्यार्थीहरुको विविधता र बहुकक्षा शिक्षण प्रणाली देखिन्छन् । यी समस्याहरु समाधान गर्न आर्थिक स्रोतहरुको उचित व्यवस्थापन, समन्वयको विस्तार, वि.व्य.स. र शि.अ.सं.को संलग्नता, शैक्षिक तथा प्रशासनिक पक्षलाई व्यवस्थित गर्नुपर्ने, नियमित पृष्ठपोषण, नीति नियमको उचित समयमा कार्यान्वयन, शिक्षकको भूमिकामा विशेष जोड, विद्यालयमा*

*राजनीतिक गतिविधिको अन्त्य गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गर्नुपर्ने र समाहित शिक्षणको प्रयोग गर्नुपर्ने देखिन्छ ।*

*शिक्षकको उपयुक्त व्यवस्थापनको लागि निर्माण गरेको नीति नियमलाई सरकारी निकायबाट कडाई साथ लागु गर्नुपर्ने, शिक्षकको लागि दण्ड र पुरस्कारको व्यवस्था गरी राष्ट्रिय स्तरबाट योजना निर्माण गरी विद्यालय अनुगमन र निरीक्षणलाई नियमित गरी पृष्ठपोषण तयार गर्नु पर्ने देखिन्छ । शैक्षिक सत्र लागु हुनु भन्दा पहिला शैक्षिक सामग्री, विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी तथा स्रोतव्यक्ति र विद्यालय निरीक्षकबाट महिनामा २ पटक विद्यालयको कक्षा व्यवस्थापनमा शिक्षकलाई सहयोग गर्ने नीति शिक्षा ऐनमा व्यवस्थित गर्नु पर्ने देखिन्छ । कक्षा व्यवस्थापनमा विद्यार्थीहरुको उमेर अनुसार बेन्च डेस्कको व्यवस्था विद्यार्थीको पहुँच हुने ठाउँमा शैक्षिक सामग्री, राखी बालरुची र आवश्यकतालाई ख्याल गरी शैक्षिक सामग्रीको व्यवस्था सरकारले गर्नु पर्ने देखिन्छ । अध्ययनको क्रममा केही यस्ता महत्वपूर्ण पक्ष तथ्यहरु देखा परे जसको बारेमा अध्ययनको खाँचो देखिन्छ । विद्यालयमा शिक्षकको लागि दण्ड र पुरस्कारको व्यवस्था, आर्थिक लगानी, शिक्षक दरबन्दी जस्ता पक्षमा अझै अध्ययन अनुसन्धानको खाँचो देखिन्छ ।*

# विषय सूची


| शीर्षक | पृष्ठ संख्या |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| शोधसार | IV |
| विषय सूची | VI-VII |

**परिच्छेद : एक**

**परिचय** १-११

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ७

१.३ अध्ययनको औचित्य ९

१.४ अध्ययनको उद्देश्य १०

१.५ अनुसन्धानात्मक प्रश्न १०

१.६ अध्ययनको परिसीमा ११

**परिच्छेद : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** १२-२१

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १२

२.२ सैद्धान्तिक खाका १७

२.३ पुनरावलोकनको उपादेयता १९

**परिच्छेद : तीन**

**अध्ययन विधि** २२-२७

३.१ अनुसन्धानात्मक ढाँचा २२

३.२ अध्ययनको जनसंख्या २२

३.३ नमुना छनोट प्रक्रिया २३

३.३.१ स्रोतकेन्द्रको छनोट २३

३.३.२ विद्यालयको छनोट २३

३.३.३ उत्तरदाताको छनोट २४

३.४ तथ्याङ्कका स्रोतहरु २५

३.५ तथ्याङ्क संकलनका साधनहरु २६
३.६ तथ्याङ्क संकलन प्रक्रिया २७
३.७ तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण प्रक्रिया २८

## परिच्छेद : चार

**नतीजाको छलफल** २९-४५
४.१ माध्यमिक तहमा शिक्षकको वर्तमान अवस्था २९
४.२ माध्यमिक तहमा शिक्षक व्यवस्थापनमा शिक्षकल भोग्नु परेका समस्याहरु ३७
४.३ माध्यमिक तहमा शिक्षक व्यवस्थापनमा देखिने समस्याहरुको समाधानका उपायहरु४२

## परिच्छेद : पाँच

**निष्कर्ष र सुझावहरु** ४८-५४
५.१ निष्कर्ष ४८
५.२ सुझावहरु ४९
५.२.१ नीतिगत तह ५०
५.२.२ अभ्यासगत तह ५१
५.२.३ अनुसन्धानात्मक तह ५१
**सन्दर्भग्रन्थसूची**
**अनुसूचीहरु**